# जिरी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
जिरी, दोलखा

पत्र संख्याः २०८१।८२
चलानी नं.:

बागमती प्रदेश, नेपाल
मितिः २०८१।१२।१२


सूचना ! सूचना !! सूचना !!!

## कृषक प्रोत्साहन तथा पुरस्कार कार्यक्रममा आवेदन पेश गर्ने सम्बन्धीको सूचना !!!

**(प्रथम पटक प्रकाशित मिति: २०८१।१२।१२)**

प्रस्तुत विषयमा यस जिरी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, कृषि विकास शाखा, जिरी, दोलखाको आ. व. २०८१।८२ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत " **कृषक प्रोत्साहन तथा पुरस्कार कार्यक्रम (उत्पादन, रोजगारी र नवीनतम् सोच, आदिका आधारमा)** " रहेकोले उक्त कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि, २०८१ को अनुसूची-१ बमोजिम न्यूनतम् मापदण्ड पुगेका जिरी नगरपालिका भित्रका विभिन्न बालीवस्तुकों व्यवसायिक उत्पादनमा सक्रिय रहेका कृषक/ कृषि फर्म/ कृषि उद्यमीहरुले सोही कार्यविधिको अनुसूची- २ र ३ अनुसारको ढाँचा भरेर यो सूचना प्रकाशन भएको मितिले १५ दिन (मिति: २०८१।१२।२६ गते) सम्ममा वा अन्तिम दिन सार्वजनिक विदा परेमा सोको भोलिपल्ट कार्यालय समय भित्र यस जिरी नगर कार्यपालिकाको कार्यालय, जिरी, दोलखामा तपसिल अनुसारका कागजातहरु संलग्न गरी आवेदन पेश गर्नहुन सम्बन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशन गरिएको छ। साथै रित नपुगेको वा म्याद नाघी प्राप्त हुन आएका आवेदनहरु माथी कुनै प्रक्रिया अघि नबढाइने व्यहोरा समेत जानकारी गराईन्छ।

**तपसिल:**

१. अनुसूची -२ बमोजिमको ढाँचामा आवेदन।
२. अनुसूची -३ बमोजिमको ढाँचामा विवरण भरिएको फाराम (कृषकले पेश गर्नुपर्ने विवरण)।
३. अख्तियार प्राप्त व्यक्तिको नेपाली नागरिकताको प्रमाण- पत्रको प्रतिलिपि।
४. जग्गाको लालपुर्जाको प्रतिलिपि (भाडा लिएको जग्गा भएमा सम्झौताको प्रतिलिपि)
५. फर्म/ कम्पनीको हकमा व्यवसाय दर्ता तथा नविकरणको प्रतिलिपि।
६. स्थायी लेखा नं. (पान) दर्ता प्रमाण पत्र र कर चुक्ता प्रमाण-पत्रको प्रतिलिपि।

थप जानकारीको लागि कृषि विकास शाखा, जिरी नगरपालिका, जिरी, दोलखा। (९८६०८४०६४६, ९८४५६३६४१३) । साथै जिरी नगरपालिका, दोलखाको वेबसाइट www.jirimun.gov.np बाट पनि सम्बन्धित कार्यक्रम सञ्चालनको लागि तोकिएको कार्यविधि डाउनलोड गरी विस्तृत जानकारी लिन सकिनेछ।

२०८१।१२।१२

पुरुषोत्तम सापकोटा
प्रमुख प्रशासकीय अधिकृत